

PLAN INTERNATIONAL

# वार्षिक प्रगतिको संक्षिप्त विवरण सन् २०१५

यस वार्षिक प्रगतिको **संक्षिप्त विवरणमा** प्लान इन्टरनेशनल नेपालले २०७१ श्रावणदेखि २०७२ असार (जुलाई २०१४ देखि जुन २०१५) महिनासम्म भए गरेका क्रियाकलापका मुख्य उपलब्धीहरुलाई प्रस्तुत गरिएको छ ।

# भुकम्प विपद् प्रतिकार्य



विसं. २०७२ बैशाख १२ मा ७.८ रेक्टरस्केलको भुकम्प जानेवित्तिकै प्लान इन्टरनेशनल नेपालले आपत्कालीन प्रतिकार्य सुरू गरेको हो । हामीले सिन्धुपाल्चोक, दोलखा, मकवानपुर र सिन्धुलीका भुकम्प प्रभावित परिवारलाई आपतकालीन् सहयोग सामाग्रीहरु जस्तै त्रिपाल, खाद्य पदार्थ, पानी तथा सरसफाईसम्बन्धी सामाग्री, पानी सुद्धिकरण गर्ने चक्की एवं जस्तापाता वितरण गऱ्यौं । तीन महिनाको अवधिमा हामी निम्न राहत सहयोग कार्यमार्फत १९६,००० व्यक्ति तथा ८२,००० बालबालिकासम्म पुग्न सकेका थियौं ।

**स्वास्थ :** प्लान इन्टरनेशनल नेपालले भुकम्प प्रभावित चार जिल्लाका क्षतिग्रस्त स्वास्थ केन्द्रहरूका लागि अस्थायी खालको पानी तथा सरसफाई सुबिधा केन्द्रहरु स्थापना गरि सेवा सुचारू गर्नको साथै स्वास्थ्य कर्मचारी आवासको लागि टेन्ट वितरण गऱ्यो । साथै प्लान इन्टरनेशनलले १,१०० सुत्केरी सामाग्री र ४२,६५० पानी सुद्धिकरण गर्ने चक्की वितरण गऱ्यो ।

**खानेपानी, सरसफाई तथा स्वच्छता :** खानेपानी, सरसफाई तथा स्वच्छता प्लान इन्टरनेशनल नेपालको भुकम्प विपद् प्रतिकार्यको एक क्षेत्र हो । चारवटा प्रभावित जिल्लाहरूमा प्लान इन्टरनेशनलले १२१ वटा पानी तथा सरसफाई सुबिधा केन्द्रहरूको निर्माण गऱ्यो । साथै ३०,५०० पानी सामाग्री (जरकिन, बाल्टिन, जग, पानी सुद्धीकरण गर्ने चक्की) र २२,२५५ किशोरी एवं महिलाका लागि सरसफाई सामाग्रीहरु (पुन प्रयोग गर्न मिल्ने कपडालगायत साबुन) भुकम्प प्रभावित परिवारहरूलाई वितरण गरियो ।

**जीवीकोपार्जन :** भुकम्पपश्चात प्रभावित जिल्लाहरू सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलान्चोकका १३,५८५ परिवारहरूलाई तत्कालै खाध्य सामाग्रीहरु वितरण गरियो ।

**बाल संरक्षण :** प्लान इन्टरनेशनल नेपालले भुकम्प प्रभावित जिल्लाका ७,५०० बालबालिकाहरूलाई लाभान्वित गर्दै ७३ वटा बाल मैत्री स्थलहरु स्थापना गऱ्यो । साथै विकट समुदायहरूमा ५१ वटा घुम्ती टोलीको माध्यमबाट बालबालिकालाई सहयोग पुऱ्यायो । हरेक गाविसहरूमा सुचना कक्ष स्थापना गरेर सुरक्षा र संरक्षणको बिषयमा जानकारीहरु दिदै आएकोछ । प्लान इन्टरनेशनले आफू कार्यरत जिल्लामा विपद् पश्चातको आवश्यकताको लेखाजोखाका लागि बाल परामर्शको अगुवाई गऱ्यो । उक्त परामर्शबाट प्राप्त नतिजा समेटिएको प्रतिवेदनलाई संघीय मामला एवं स्थानीय विकास मन्त्रालय, सेभ द चिल्ड्रेन, वर्ल्ड भिजन, युनिसेफ र प्लान इन्टरनेशनलले संयुक्त रूपमा सार्वजनिक गरेको थियो ।

**आवास तथा नगद हस्तान्तरण :** प्लान इन्टरनेशनल नेपालले भुकम्पबाट अति प्रभावित जिल्लाहरु सिन्धुपाल्चोक र दोलखा बाहेक अरू तीन जिल्लाहरु सिन्धुली, मकवानपुर, बाग्लुङ र म्याग्दीका भुकम्प प्रभावित घरपरिवारलाई ४६,१२१ त्रिपाल र डोरीहरु बितरण गऱ्यो । साथै ४ हजार घरधुरीलाई जस्तापाता बितरण गरेर अर्धस्थायी आवास निर्माणको लागि सहयोग गऱ्यो । हाम्रो नगद हस्तान्तरण कार्यक्रमबाट १३,००० ब्यक्तिहरु लाभान्वित भएका छन् भने यसै कार्यक्रमअन्तर्गत ४७५ ब्यक्तिहरूले सर्तरहित नगद सहयोग प्राप्त गरेका छन् ।

भुकम्प प्रतिकार्यबारे प्लान इन्टरनेशनलको पछिल्लो विवरण www.plan-international.org/nepal मा उपलब्ध छ ।



# स्वास्थ्य

मातृ तथा बाल स्वास्थ्य हेरचाह हाम्रो स्वास्थ्य कार्यक्रमको प्रमुख पक्ष हो । हामीले सामुदायिक स्वास्थ्य स्वयम्‌सेवक तथा स्वास्थकर्मीलाई नवजात शिशु तथा बाल रोग एकिकृत ब्यवस्थापन र गर्भवती महिलाहरूलाई गर्भावस्थामा गर्नुपर्ने तयारी तथा नवजात शिशु स्याहारसम्बन्धी जानकारी प्रदान गर्‍यौं । यसको साथै नेपाल सरकारको पहलमा स्वास्थकर्मीहरूलाई समुदायमा केन्द्रित नवजात शिशु स्याहार तालिम प्रदान गर्‍यौं । मातृ, प्रसवकालीन तथा नवजात शिशुको मृत्युदरलाई कम गर्न हामीले गर्भवती महिला समुह परियोजनालाई १५ वटा जिल्लामा बिस्तार गर्‍यौं । यस परियोजनाबाट करिव १ लाख ९८ हजार गर्भवती महिलाले लाभ पाउने छन् । बिभिन्न स्वास्थ्य केन्द्रमा सुत्केरी कक्षको निर्माण तथा पुनर्निर्माणको साथै अत्यावश्यक स्वास्थ्य सामाग्रीहरु प्रदान गर्‍यौं । फलस्वरूप गर्भवती महिलाले स्वास्थ संस्थामा सुत्केरी गराउनुको साथै गुणस्तरीय मातृ तथा नवजात शिशु स्याहार सेवा प्राप्त गर्न सकेका छन् ।

### हाम्रो स्वास्थ्य कार्यक्रमले:

- २,२४७ सामुदायिक स्वास्थ्यकर्मी तथा १६० स्वास्थकर्मीहरूलाई नवजात शिशु स्याहारसम्बन्धी तालिम दियो ।
- समुदायमा आधारित सुरक्षित मातृत्व र नवजात शिशु स्याहारको बिषयमा संचालित वार्षिक समिक्षा कार्यक्रममा १,६६० स्वास्थकर्मीहरूलाई सहभागी गराउन सहयोग गर्‍यो ।
- ३१९ स्वास्थ एवं उपस्वास्थ्य केन्द्रका ब्यवस्थापन समितिका सदस्यहरूलाई सफल मातृत्व बिषयक अभीमुखिकरणमा सहभागी गरायो ।
- पाँचवटा जिल्लाहरूका ९ वटा सुत्केरी कक्ष, नाल विसर्जन गर्ने स्थानको निर्माण तथा पुनर्निर्माण गरी अत्यावश्यक स्वास्थ्य सामाग्रीहरु एवं १० वटा स्वास्थ्य केन्द्रमा फर्निचर उपलब्ध गरायो ।

# खानेपानी, सरसफाई एवम् स्वच्छता

समुदायलाई खुल्ला दिसामुक्त क्षेत्र बनाउन समुदायको नेतृत्वमा सरसफाईसम्बन्धी कार्यक्रमहरु संचालन गरियो, जसबाट बालबालिकाको आधारभुत सरसफाई सुबिधाहरु सुनिश्चित गर्नमा सहयोग पुग्यो । सोह्रवटा गाविसका करिव २० हजार घरधुरीले आफ्नो गाविसलाई खुल्ला दिसामुक्त क्षेत्र बनाए । यस लगायत ति गाविसलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणापश्चात सरसफाईको अवस्था कायम राखी राख्न स्वस्थ बानी व्यवहारको प्रवर्द्धनका लागि पूर्ण सरसफाईका क्रियाकलापहरू संचालन गर्न तथा अनुगमनका लागि सहयोगहरू उपलब्ध गराइयो । विद्यालय सरसफाई एवं स्वच्छताको कार्यक्रमलाई हामीले प्राथमिकतामा राख्यौं । यसको साथै पहाडी ग्रामीण भेगका वस्तीहरूमा खानेपानी योजनाहरू निर्माण गरि सामुदायिक धाराहरु जडान गरेर स्वच्छ खानेपानीमा समुदायको पहुँचलाई बढाउन सहयोगहरू प्रदान गर्‍यौं । साविकको कार्यक्रमबाहेक कृषि, स्वास्थ्य तथा वैकल्पिक जीवनयापनलाई प्रवर्द्धन गर्न प्लान इन्टरनेशनल, मर्सी कोरोप्स, आइडिइ सँगको संयुक्त साझेदारीमा 'पहल' नामक ५ वर्षीय परियोजना मध्य तथा सुदूर पश्चिमान्चल क्षेत्रका १४ वटा विकट पहाडी जिल्लामा सुरूवात भएको छ ।

### हाम्रो यस खानेपानी, सरसफाई एवं स्वच्छता कार्यक्रमले:

- १६ वटा गाविसका १९,६३९ घरधुरीलाई सचेत बनाई खुल्ला दिसामुक्त क्षेत्र बनाउन सहयोग पुर्‍यायो, जसबाट १ लाख ९ हजार मानिसहरूले लाभ पाए ।
- १० वटा खानेपानी योजना सम्पन्न गर्न सहयोग गर्‍यो जसबाट ७०० घरधुरीले सफा पानीको सुविधा पाए ।
- २४ वटा गाविसमा सरसफाई एवं स्वच्छताको प्रवर्द्धनका लागि चेतनामूलक कार्यक्रम गर्न सहयोग गर्‍यो ।





# आधारभूत शिक्षा

घर तथा केन्द्रमा आधारित प्रारम्भिक बाल तथा शैक्षिक विकास कार्यक्रमले बालबालिकाकालागि प्रारम्भिक सिकाई वातावरण विकास गर्न मद्धत गरेको छ । बालबालिकाको गुणस्तरीय सिकाई क्रियाकलाप तथा सुरक्षित भौतिक वातावरणको स्थापनामा हामीले प्रारम्भिक बाल तथा शैक्षिक विकास केन्द्रहरूलाई नमुनाको रूपमा विकास गऱ्यौं । विद्यालयहरूले कक्षा १ देखि ३ सम्मको कक्षा ब्यवस्थापन गर्नको लागि सहयोग प्राप्त गरेका छन् । हाम्रो शैक्षिक अभियानबाट सतप्रतिशत विद्यालय जाने उमेरका बालबालिका बिद्यालय भर्ना भएपश्चात २७ वटा गाविसहरूले आफ्नो गाउँलाई "बिद्यालय बाहिरका बालबालिका मुक्त गाउँ" घोषणा गरे । साथै, सुरक्षित विद्यालयको असल अभ्यासमा आधारित भएर हाम्रो कार्यक्रमले सरकारलाई सुरक्षित बिद्यालय बिकासको लागि राष्ट्रिय नीति निर्माण गर्न सहयोग गऱ्यो । साथै शारीरिकरूपमा अशक्त बालबालिकाको लागि समावेशी शिक्षा रणनीति तर्जुमाको लागि पनि आवश्यक खाका कोर्न हामीले महत्वपूर्ण भूमिका निर्वाह गऱ्यौं ।

### हाम्रो आधारभूत शिक्षा कार्यक्रमले:

- २९,१६४ बालबालिकालाई प्रारम्भिक बाल तथा शिक्षा विकासको पहुँच दिलायो, जसमा १५,१४० बालिकाहरु छन् ।
- ५,११२ अभिभावकसहित स्वयम्सेवकलाई प्रारम्भिक बाल तथा शिक्षा विकाससम्बन्धी तालिम दियो ।
- १,१५५ बिद्यालय नगएका बालबालिकालाई पुनः बिद्यालयमा फर्काउन सक्यो ।
- १०८ वटा प्राथमिक बिद्यालयलाई कक्षाकोठा ब्यवस्थापन सुधार गर्न सहायता दियो ।
- ७५ वटा विद्यालय निर्माणमा सहयोग गऱ्यो ।
- २७ प्रारम्भिक बाल तथा शिक्षा विकास केन्द्रको स्थापना गर्न सहयोग पुऱ्यायो ।

# पारिवारिक आर्थिक सुरक्षा

हामीले ग्रामीण क्षेत्रका महिलाहरूको वित्तीय सेवामा पहुँच प्रवर्द्धन गर्न सहयोग जारी राख्यौं जसले उनीहरूलाई स्थानीय तहमै केही गर्न र साना उद्यमहरूमा सामेल हुन सहयोग गऱ्यो । महिला सहकारीहरूले सिमान्तकृत महिलाहरूलाई समेट्न उनीहरूको पहुँचलाई विस्तार गर्न सके । फलस्वरूप २३ वटा महिला सहकारी उनीहरूको सेवा क्षेत्रका शतप्रतिशत घरधुरी समेट्न सफल भए । सहकारीका करीव ६० प्रतिशत सदस्यहरूले उनीहरूको ऋण उद्यम शुरू गर्नका लागि प्रयोग गरिरहेका छन् । प्लान इन्टरनेशनल नेपालबाट तालिम र सहयोग प्राप्त गरेपछि स्वावलम्बन समूहहरु गठन भएका छन्, महिला सहकारीहरु दर्ता भई संचालनमा आएका छन् । ग्रामीण क्षेत्रका युवा महिलाहरु संगठित भइ लैङ्गिक हिंसाविरूद्धका क्रियाकलाप र अभियानहरु सञ्चालन एवं बालिका शिक्षाको वकालत गरेका छन् । व्यवसायिक रूपमा तरकारी खेती गरिरहेका किसानहरूले प्रतिवर्ष सात सयदेखि ४५ हजाररूपैयाँसम्म आम्दानी गर्न सकेका छन् । यो आम्दानी उनीहरूले बालबालिकाको शिक्षा, औषधोपचार र घरायसी खर्चमा लगाएका छन् । हाम्रो बालिका शक्ति परियोजनाले नागरिक समाज संस्थाहरूको ११ वटा जिल्ला स्तरीय सञ्जाल बनाउन सहयोग गऱ्यो । अहिले उनीहरूले बालिका अधिकारको सवालमा काम गर्छन् र बालिकाप्रति हुने हिंसाका घटनाहरूविरूद्ध कदम चाल्छन् ।

### हाम्रो पारिवारिक आर्थिक सुरक्षा कार्यक्रमले:

- २२,१३० किसानलाई कृषिसीप सम्बन्धी तालिम दियो ।
- ५,९७१ परिवारहरूलाई करेसाबारी एवं व्यापारिक प्रयोजनका लागि तरकारीखेती गर्न सहयोग गऱ्यो ।
- १,७३७ वटा महिलाहरूकै स्वावलम्बन समूहमार्फत ३८,९२७ महिलालाई सदस्य बनाउन सहयोग गऱ्यो ।
- १,३३० महिलालाई व्यवसाय थाल्न शुरूवाती सहायता प्रदान गऱ्यो ।
- ४३३ महिलालाई व्यवसायिक तालिम प्रदान गऱ्यो ।
- नयाँ २८ वटा महिला सहकारी स्थापना भई २२,६७० नयाँ सदस्य थपका लागि सहयोग गऱ्यो ।



# बाल संरक्षण

विभिन्न क्षेत्रमा काम गरिरहेका ३६० कम्लहरी बालिका र ९२ बाल श्रमिकहरूलाई उद्धार गर्न हामीले सहयोग गऱ्यौं । पाँचवटा नगरपालिकाहरूले बालश्रम उन्मूलनका लागि रणनीतिक योजना बनाएका छन् । यसपछि, मकवानपुर जिल्लाको हेटौंडा नगरपालिकाको २ वडाहरु बालश्रम मुक्त घोषित भए । हामीले नेपाल र भारतको सिमामा हुने मानव बेचविखन रोक्नका लागि थप प्रयास गरेका छौं । फलस्वरूप बेचविखनमा परेका बालबालिका उद्धार गरिएका र बेचविखनमा पर्नबाट रोकिएका छन् र उनीहरूलाई सूचना कक्षमा परामर्श दिएपछि परिवारसँग पुनर्मिलन गराइएको छ । हामीले गाविसहरूलाई बालमैत्री बनाउने अभियानलाई जारी राखेका छौं जसले गर्दा बालबालिकाहरु बालक्लब र स्थानीय सरकारी निकायको निर्णय गर्ने तहमा सहभागीताको सुनिश्चितता मिल्ने हुन्छ । बिसवटा गाउँ विकास समितिहरूले शतप्रतिशत बालबालिकाको जन्मदर्ता गराएका छन् । हामीले स्थानीय पञ्जिकरण कार्यालयमा व्यक्तिगत घटना दर्ता सफ्टवेयरको व्यवस्था र सञ्चालन गर्न सरकारलाई प्राविधिक सहायता जारी राखेका छौं । बालअधिकारको अनुगमन र रिपोर्टिंगमा बालबालिकाले नेतृत्व गरेको बालअधिकार महासन्धीको बैकल्पिक प्रतिवेदन तयारीमा प्लान इन्टरनेशनल नेपालको योगदानको रह्यो ।

**हाम्रो बाल संरक्षण कार्यक्रमले:**

- १०,४३९ किशोरकिशोरीलाई उज्ज्वल भविष्यका लागि आवश्यक पर्ने सीप छान्न जीवनोपयोगी सीप र शिक्षाबारेको तालिम दियो ।
- स्थानीय स्वयंसेवकसहित ४,२०२ व्यक्तिलाई बाल संरक्षणको विषयमा अभिमुखीकरण प्रदान गऱ्यो ।
- ३,७७५ कम्लहरी बालिका र ४८९ बालश्रमिकलाई पुनर्बास र पुनर्स्थापनाको लागि सहयोग जारी राख्यो ।
- साझेदार संस्थाका १,२५१ कर्मचारी/प्रतिनिधिलाई बाल संरक्षणको विषयमा तालिम दियो ।
- ६४ जना बेचविखनमा परेका बालबालिकाको उद्धार, १९२ बालबालिकाको रोकथाम र तीमध्ये १०४ जनालाई उनीहरूको परिवारसँग पुनर्मिलन गरायो ।

# बालकेन्द्रित विपद् जोखिम ब्यवस्थापन

हाम्रो यस कार्यक्रमको मुख्य प्राथमिकतामा सुरक्षित बिद्यालय, बालकेन्द्रित जलवायु परिवर्तन अनुकूलन र आपतकालीन् अवस्थाको सम्बोधनका लागि पूर्वतयारी र प्रतिकार्य हुन् । हामीले ४६ वटा बिद्यालयमा सुरक्षित बिद्यालय परियोजना सुरू गरेर बिद्यालयलाई बिपद् जोखिम ब्यवस्थापनको लागि तत्पर रहनमा सहयोग गरेका छौं । बिद्यालयको छेउछाउमा रहेका समुदायहरु पनि यस कार्यमा संलग्न भई सम्भावित विपद्को बारेमा जनचेतना जगाउन तथा समुदायको तहमा विपद् प्रतिकार्यका लागि तत्पर रहन पूर्वतयारीमा सहभागी भएका छन् । बालकेन्द्रित जलवायु परिवर्तन अनुकूलन परियोजनाको मुख्य लक्ष्य भनेको बालबालिका तथा समुदायको आवश्यकताहरूको लागि स्थानीय क्षमताको प्रवर्द्धन एवं ज्ञानको सदुपयोग गरेर जलवायु परिवर्तन अनुकूलन बनाउनु हो । यसको लागि जोखिमहरूको मूल्याङ्कन गरि उक्त जोखिमहरूलाई सम्बोधन गर्न स्थानीय अनुकूल साधनहरूको सम्भाव्यताहरूलाई पहिचान गरियो । यसबाहेक हामीले हाम्रो बिभिन्न क्रियाकलापद्वारा विपद् ब्यवस्थापनसम्बन्धी जनचेतना फैलाउने कार्य जारी राख्यौं साथै सुरक्षित बिद्यालयको नीति निर्माण गर्नलाई पनि सरकारलाई योगदान गरेका छौं ।



**हाम्रो बालकेन्द्रित विपद् व्यवस्थापन कार्यक्रमले:**

- १२८ बिद्यालयमा सुरक्षित बिद्यालय पहलको सुरूवातबाट २४,५०० विद्यार्थीहरूलाई लाभ पुऱ्यायो ।
- ४१ गाविस र ३० वटा विद्यालयलाई स्थानीय विपद् व्यवस्थापनका योजना बनाउन सघायो ।
- ४,३९५ विद्यार्थीहरू सुरक्षित विद्यालय कार्यक्रमका क्रियाकलापहरूमा सहभागी हुन सहयोग गऱ्यो ।
- २२५ शिक्षकहरूलाई सुरक्षित विद्यालयसम्बन्धी ज्ञान एवं सीपको तालिम दियो ।

## 'म बालिका भएकीले'

'म बालिका भएकीले' लैङ्गिक असमानताविरूद्ध लड्ने, बालिकाहरूको अधिकार प्रवर्द्धन गर्ने र लाखौं बालिकाहरूलाई गरिबीबाट छुट्करा दिने प्लान इन्टरनेशनलको विश्वव्यापी अभियान हो । बालिकाको शिक्षाको अवरोधलाई सम्बोधन गर्न प्लान इन्टरनेशनलले बालिका, समुदाय, सामाजिक अगुवा, सरकार, निजी क्षेत्र र विश्वव्यापी संस्थाहरूसँग काम गरिरहेको छ । बालिकाहरूले भोग्दै आएका सवाल र चुनौतिलाई प्रष्टयाउँदै विभिन्न सरोकारवालाहरूको प्रतिवद्धता लिन यो वर्ष पनि बालिका शिक्षा प्रवर्द्धनको बिषयलाई उठाई र्‍याली, अन्तरक्रिया, छलफल एवं बालिकाहरूको फुटवल प्रतियोगिताजस्ता कार्यक्रमहरूको आयोजना गरिए । यी बाहेक हाम्रो अभियानको सदभाव दुत उर्मिला चौधरीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा बालिका शिक्षाबारे बहस गरिन् जहाँ उल्लेखनीय मात्रामा विशेष प्रतिनिधिहरूको उपस्थिति थियो । त्यस्तै स्वट्जरल्याण्डकी सुन्दरी मिस अर्थ सायदे हगले विश्वस्तरमा बालिकाको सवालबारे कुरा राख्न र उनीहरूको पक्षमा सहयोग विस्तार गर्ने उद्देश्यले नेपालको कैलाली र बाग्लुङका बालिकाहरूलाई भेटी उनीहरूको वास्तविक चुनौतिबारे बुझिन् ।



## बाल प्रत्याभूत कार्य


बाल प्रत्याभूत कार्य प्लान इन्टरनेशनलको आधार हो । हाल नेपालमा प्लान इन्टरनेशनलको ३९,००० प्रत्याभूत बालबालिकाहरु छन् । यो वर्ष स्विडेन, नर्वे, जर्मनी र जापानका गरी ५० प्रत्याभूतकर्ताहरूले नेपालको भ्रमण गरेर प्रत्याभूत बालबालिका तथा उनीहरूको परिवारलाई भेटी हाम्रो कार्यक्रमले उनीहरूको जीवनस्तरमा ल्याएको परिवर्तनलाई बुझेका थिए ।



## साझेदारहरू

हाम्रो सशक्त पक्ष भन्नुनै साझेदार संस्थासँग ठोस साझेदारीमा आधारित भएर आफ्नो ज्ञान, अनुभव र श्रोतलाई आदानप्रदान गर्दै चुनौतिहरूको सामना गर्नु हो । यो वर्ष हामीले २७८ वटा बिभिन्न प्रकारका संस्था एवं निकायहरूसँग साझेदारी गर्‍यौं ताकी सबैजना एकिकृत भएर सामाजिक परिवर्तन कर्ताको रूपमा बालअधिकारको पक्षमा सहकार्य गर्न सकियोस् ।

**प्लान इन्टरनेशनल नेपालका सन् २०१५ का साझेदारहरू**




# वितिय झलक सन् २०१५

## कार्यक्रम एवं प्रशासनिक संचालन खर्च

चित्र १

कुल खर्चः नेरू. १४,५०,१६१

नेरू '000'





## कार्यक्रमगत खर्चहरू

चित्र २

जम्मा कार्यक्रम खर्चः नेरू. १२,७०,३४७

नेरू '000'





## अनुदान प्रदान गर्ने देश एवं श्रोत

चित्र ३

कुल प्राप्त अनुदानः नेरू. ९,०२,०८०

नेरू '000'




*अन्यः प्लान इन्टरनेशनलको राष्ट्रिय संगठनहरु रहेका देशहरू जस्तै अष्ट्रेलिया, बेल्जियम, स्विट्जर ल्यान्ड, डेनमार्क, फिनल्यान्ड, जर्मनी, हङकङ, आयरल्यान्ड, ईटली, जापान, कोरिया, नेदरल्यान्डस्, स्पेन, बेलायत, अमेरिकाबाट अपिलको माध्यमद्वारा प्राप्त अनुदान सहयोग

*जिन्सी सहयोग

## जवाफदेहिता


प्लान इन्टरनेशनल नेपाल आफू कार्यरत समुदायका बालबालिका तथा समुदायप्रति जवाफदेही हुन्छ । हाम्रो कार्यको बारेमा उनीहरूलाई सुसुचित गर्न हामी प्रतिबद्ध छौं । हामी उनीहरूको जीवनलाई असर पुऱ्याउने कुनै पनि विषयका बारेमा लिइने निर्णयको तहमा बालबालिकाको संलग्नताको लागि सहयोग गर्दछौ । यो वर्ष हामीले बाह्य र आन्तरिक बिभिन्न मूल्याङ्कनको कार्यहरु गऱ्यौं, जसले हाम्रो कार्यक्रमको प्रगतिलाई मापन गरेर भविष्यमा अझै सुधार गर्न र हाम्रा समुदाय र साझेदारप्रति हामीलाई अझै जवाफदेही हुन मद्दत पुऱ्याओस् ।

# प्लान इन्टरनेशनल नेपालको बारेमा

प्लान इन्टरनेशनल २०३४ सालदेखि नेपालमा सिमान्तकृत तथा जोखिममा रहेका बालबालिकालाई आफ्नो स्वास्थ्य, शिक्षा, आर्थिक सुरक्षा र संरक्षणका अधिकार सुनिश्चित गर्न कार्यरत रहँदै आएको छ । स्वास्थ्य सेवा र सरसफाईको अवस्था कमजोर तथा अप्रर्याप्त रहेका सयौं समुदायहरु जहाँका बालबालिकाको जीवन थप जोखिममा पर्ने गर्छ, त्यहाँनै हाम्रा कार्यक्रमहरु लक्ष्यित हुने गरेका छन् ।

# कार्यरत जिल्लाहरु

हामीले नेपालले ४० वटा जिल्लाहरुमा बालकेन्द्रित सामुदायिक बिकास कार्यक्रम संचालन गरेका छौं । यसका साथै हामीले यस वर्ष शिक्षा, संरक्षण र स्वास्थमा आफ्नो कार्यक्रम बिस्तार गरेका छौं । नियमित कार्यक्रमबाहेक प्लान इन्टरनेशनल नेपालले बैशाखदेखि भुकम्प प्रभावित जिल्लाहरुमा आपत्कालीन सहयोगका कार्यक्रमहरु पनि गर्दै आएको छ ।




# कार्यक्रमका क्षेत्र

प्लान इन्टरनेशनल नेपालको कार्यक्रमको प्रमुख क्षेत्रहरु स्वास्थ, पानी, सरसफाई तथा स्वच्छता, आधारभुत शिक्षा, पारिवारिक आर्थिक सुरक्षा, बाल संरक्षण र बालकेन्द्रित विपद् जोखिम ब्यवस्थापन हुन् । हामीले काम गर्ने पद्धति अधिकारमा आधारित हुन्छ जसले हाम्रा सवै कार्यक्रममा बालबालिकालाई केन्द्रमा राख्दछ ।

## सन् २०१५ मा प्लान इन्टरनेशनल नेपालले:

- स्वास्थकर्मी, स्वयम्सेवक, सुँडेनीसहित **११,०७२** ब्यक्तिहरुलाई स्वास्थ सेवासम्बन्धी तालिम दिई उनीहरुलाई दक्ष बनाउन सहयोग गर्‍यो ।
- **१०,४३९** किशोरकिशोरीलाई नौ महिने जीवनोपयोगी सीप एवं शिक्षा प्रदान गर्‍यो ।
- **७,४९३** किसानहरुलाई कृषिसीपसम्बन्धी तालिमहरु दियो ।
- शिक्षक, बिद्यालय ब्यवस्थापन सदस्यसहित **६,५९१** ब्यक्तिहरुलाई सिकाइ, पढाइ तथा बिद्यालय संचालनसम्बन्धी सीपहरु प्रदान गर्‍यो ।
- स्वयम्सेवकसहित **४,२०२** ब्यक्तिहरुलाई बाल संरक्षणसम्बन्धी तालिम प्रदान गर्‍यो ।

**प्लान इन्टरनेशनल नेपाल**
श्रीदरवार, पुल्चोक-३, ललितपुर
पो ब नं ८९८०, काठमाडौं, नेपाल
फोन नं ९७७-१-५५३५५८०, ५५३५५६०
वेबसाइट: www.plan-international.org/nepal

www.facebook.com/PlaninNepal https://twitter.com/plannepal www.youtube.com/PlanNepal